मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोन: ०११-१४१२११२, ०११-१४१२११३, ०११-१४१२११४

प.सं.०७७/०७८
च.नं. १५२६

मिति : २०७७/१२/१८

**विषय :- प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

**दोस्रो पटक प्रकाशित मिति २०७७/१२/१८**

यस नगरपालिका अन्तरगतका अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण र समष्टिगत विकासका लागि **अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनःस्थापना कार्यक्रम (CBR)** सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका निम्ति अपाङ्गताको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुलाई कार्यक्रम संचालनार्थ तपसिल बमोजिमका कागजातहरु संलग्न गरी सूचना प्रकाशन भएका मितिले ७ दिन भित्र यस नगरपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । छनौट भएका संस्थाले तपसिल बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्नु पर्ने छ ।

**तपसिलः**

**१) दरखास्त साथ पेश गर्नुपर्ने कागजपत्र तथा दस्तावेजहरुः**

क) अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी प्रमाण ।

ख) संस्था दर्ता, नवीकरण,पान दर्ता, कर चुक्ता प्रमाण, विधान, प्रशासनिक र आर्थिक नियमावलीको छायाँ कपी ।

ग) समाज कल्याण परिषद्मा आवद्धता प्रमाण पत्र ।

घ) गत वर्षको वार्षिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन ।

ङ) संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्साउने कागजात ।

च) यस नगरपालिकामा सुचिकृत भएको प्रमाण र नविकरण ।

**२) छनौट भएका संस्थाले सञ्चालन गर्नु पर्ने क्रियाकलापहरु**

क) अपाङ्गता भएका व्यक्तिहरुकलाई विद्यमान कानुनमा व्यवस्था भएका विभिन्न सेवा, सुविधा, अवसर बारे जानकारी दिने, परामर्श दिने र सेवा एवं अवसर प्रदान गर्ने,

ख) स्थानयि तहमा तालिम सञ्चालन गर्दा स्थानीय शिक्षक, बुद्धिजिवी, समाजसेवी, स्वयंसेवक लगायत सरोकारवालाहरुसगँ समन्वय गरि सेवा प्राप्त गर्न पहल गर्ने,

ग) अपाङ्गता भएका व्यक्तिहरुकलाई विकास निर्माण सम्बन्धी क्रियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने,

घ) अपाङ्गता भएका व्यक्तिहरुको अबिलम्ब पहिचान एवं सेवा परामर्श, पूर्व तयारी कक्षा सञ्चालन, विशेष शिक्षा, तालिम (रोजगार र व्यवसायिक तालिम) स्वास्थ्य उपचार सेवा, स्याहार र रेखदेख सेवा उपलब्ध गराउन मद्दत गर्ने गराउने,

ङ) अपाङ्गता भएका व्यक्ति, परिवार, स्थानीय निकायका पदाधिकारी तथा समुदायका लागि अपाङ्गपन निरोध, न्युनिकरण, उपचारात्मक लगायत सचेतना सम्बन्धी तालिम कार्यक्रम, गोष्ठी, सभा, अन्तरक्रिया सञ्चालन गर्ने गराउने,

च) अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री उपलब्ध गराउने,

छ) अपाङ्गता भएका व्यक्तिको हक अधिकारको संरक्षण एवं प्रवर्द्धन गर्ने खालका अन्य त्रियाकलाप सञ्चालन गर्ने ।

२०७७/१२/१८

..........................
(प्रणराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत